बैठक संख्या -३७

आज मिति २०७७/०३/०४ गतेको दिन यस उत्तरगया गाउँपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यूको अध्यक्षतामा बैठक तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी तपशिलका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मती बाट पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| उपेन्द्र लम्साल | अध्यक्ष |
| चमेली गुरुङ | उपाध्यक्ष |
| बम बहादुर तामाङ | वडा अध्यक्ष |
| खुवा बहादुर गुरुङ | वडा अध्यक्ष |
| लाल बहादुर तामाङ लामा | वडा अध्यक्ष |
| केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| इश्वर थापा | वडा अध्यक्ष |
| शान्ता गलान | सदस्य |
| कृष्ण कुमारी नेपाली | सदस्य |
| सिता भट्ट | सदस्य |
| विन्दा रैला | सदस्य |
| ज्ञानु विक | सदस्य |
| तिर्थ बहादुर घले | सदस्य |
| अर्जुन खड्का | सदस्य सचिव |

Scanned by CamScanner

प्रस्तावहरु

प्रस्ताव नं. १ एम्बुलेन्स सञ्चालन कोषमा रकम विनियोजन(रकमान्तर) गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ बजेट नभएको तर कार्यक्र सम्पन्न गरी भुक्तानि लिएको योजना कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ३ बालुवा लिलाम विक्रि गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ प्रधामन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारहरुको सुचिकरण र योजनाको छनोट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ दर्ता भएका वेरोजगारहरुलाई सुचिकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ६ आ.ब ०७७।०७८ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना छनोट सम्बन्धमा ।

प्रस्ताव नं. ७ आगामी आ.ब ०७७।०७८ को आर्थिक विद्येयक सम्बन्धमा ।

प्रस्ताव नं. ८ गाउँपालिकाको विभिन्न शाखामा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई आगमी आ.ब निरन्तरता दिने सम्बन्धमा ।

प्रस्ताव नं.९ मोर्डन ट्रिनिटि इङलिस बोडिङ स्कुलको कक्षा १० को अनुमति सम्बन्धमा ।

प्रस्ताव नं. १० निर्माण व्यवसायी इजाजत पत्र दिने सम्बन्धमा ।

प्रस्ताव नं. ११ पूर्वाधार विकास साझेदारी कार्यक्रम तथा अन्य योजना सम्बन्धमा ।

प्रस्ताव नं. १२ गाउँसभा सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं. १३ वितप व्यवस्थापन कोषबाट तारजाली किन्ने सम्बन्धमा ।

प्रस्ताव नं. १४ कोभिड– १९ स्वाव परिक्षणको लागि आवश्यक बजेट व्यवस्था गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १५ धन्यवाद सहित पुरस्कृत गर्ने सम्बन्धमा ।

निर्णयहरु

**निर्णय नं १** प्रस्ताव नं. १ माथि छलफल गर्दा एम्बुलेन्सको खर्च व्यवस्थापनका लागि गाउँपालिको विपद व्यवस्थापन कोषबाट उत्तरगया गाउँपालिका एम्बुलेन्स सञ्चानल तथा व्यवस्थापन कोषमा रु. २,००,०००।– (अक्षेरुपी दुईलाख मात्र) रकमान्तर गर्ने साथै आ.ब २०७७।०७८ देखि एम्बुलेन्स सेवा लिए वापत सेवा ग्राहिबाट गाउँपालिकाले तोके बमोजिम एम्बुलेन्स सेवा शुल्क लिने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं २** प्रस्ताव नं.२ माथि छलफल गर्दा चालु आ.ब.२०७६।०७७ मा यस उत्तरगया गाउँपालिका अन्तर्गत सम्झौता भई कार्य सम्पन्न भएका वा नभएका तपशिलका योजनाको भुक्तानी गर्दा, संचित भएको जनश्रमदान वापतको रकम बाट भुक्तानी गर्ने, साथै भुक्तानी भइसकेका योजना तथा भुक्तानी हुन बाँकि योजनाको हमा समेत नियमित तथा समर्थन गर्ने निर्णय गरियो ।

| क.स | योजनाको नाम | योजनको स्रोत | कुल लागत | बजेट | अपुग रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | डाडाँगाउँ चखेलकुद मैदान निर्माण | आन्तरिक स्रोत | १,४८४,९७७।– | १,०००,०००।– | ४८४,९७७।– | सम्पन्न |
| २ | ओखरबोट हुँदै पाल्ले सिँढि बाटो | आन्तरि स्रोत | ९८७,३१४।– | | ९८७,३१४।– | सम्पन्न |
| ३ | भाँगेखोला देखि देउराली डाडाँ सम्म सडक निर्माण | आन्तरिक स्रोत | २४७,७३८।– | | २४७,७३८।– | सम्पन्न |
| ४ | सिमखोला देखि पैरो सिँचाई निर्माण | आन्तरिक स्रोत | ४४४,४४९।– | | ४४४,४४९।– | भुक्तानिहुन बाकि |
| ५ | कदमगैरी सडक निर्माण | आन्तरि स्रोत | ५,५०,०००।– | | ५,५०,०००।– | भुक्तानिहुन बाकि |
| जम्मा | | | | | २७,१४,४७८।– | |

**निर्णय नं ३** प्रस्ताव नं ३ माथि छलफल गर्दा छलफल गर्दा प्रदेश सरकारबाट खोलाबाट उत्खनन गर्न प्रति क्यु फि. रु. ९ का दरले उल्लेख भएकोमा यस गाउँपालिकाबाट प्रति क्यु.फि. रु ९ र निकासी वापत रु.६ गरी जम्मा १५ रुपैयाँमा यस गाउँपालिकाको वडा नं. १ र २ को विभिन्न ठाउँमा त्रिशुली नदी किनारबाट अनाधिकृत रुपमा उत्खनन गरी जम्म गरीएको २,०५,३४६।७३ घनफिट बालुवा लिलामा बढाबढ गर्न प्रथम सुचना प्रकाशन गरी पुन: मिति ०७६।०८।२९ मा दोस्रो पटक सूचना प्रकाशित गर्दा समेत बसैबाट लिलाम बढाबढ बोलपत्र साकार नगरेको साथै उक्त बालुवा हानीनोक्सानी तथा चोरी समेत हुने सम्भावनालाई मध्यनजर गरी उक्त बालुवा २,०५,३४६।७३ घनफिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा प्रति घनफिट रु. ९ (नौ) मात्र तोकी (निकासी वापतको कर नलिने) सो मुल्यमा ७ दिनको सुचना प्रकाशन गरी बढी मुल्य साकार गर्ने व्यक्ति, फर्म वा कम्पनी सँग सम्झौता

Scanned by CamScanner

अवस्थामा छ सोही अवस्थामा प्रति घनफिट रु. ९ (नौ) मात्र तोकी (निकासी वापतको कर नलिने) सो मुल्यमा ७ दिनको सुचना प्रकाशन गरी बढी मुल्य साकार गर्ने व्यक्ति, फर्म वा कम्पनी सँग सम्झौता गरी एक मुष्ठ रकम भुक्तानी भए पश्चात उक्त बालुवा निकासी गर्न इजाजत दिने गरि निर्णय भई मिति २०७६।११।२१ गते सूचना प्रकाशन भएकोमा कोहि कसैबाट लिलाम प्रकृयामा सहाभागि नभएको हुँदा उक्त बालुवा लिलाम बढाबढमा गर्न पुनः ३ दिनको लिलाम बढाबढ सुचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.ब ०७६।०७७ को लागि प्राप्त रकम रु. १० लाख मध्ये प्रत्येक वडामा रु. २ लाखका दरेले ५ वटै वडामा वितरण गर्ने तथा सो कार्यान्वयनका लागि तपशिलका योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. ओलीडाँडा-सिरुचेत- धार्ना कृषि सडक मर्मत

२. भदौरे सडक मर्मत

३. चौतारा देखि वडा तथा विद्यालय जोड्ने गोरेटोबाटो निर्माण

४. बनुवा कर्मिडाडा सडक मर्मत

५. ओखलढुङ्गा बेत्रावती गोरेटो बाटो मर्मत

**निर्णय नं ५** प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिका भित्रका वडाहरुबाट ०७६ चैत्र महिनामा फारम भरि प्राप्त हुन आएका सम्पूर्ण बेरोजगार व्यक्ति ६ सय जनालाई बेरोजागार सूचीमा सूचिकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ६** प्रस्ताव नं ६ माथि छलफल गर्दा कामका लागि पारिश्रमिकका आधारित सामुदायिक योजना र युवाका लागि रपान्तरण पहल आयोजना सञ्चालनको लागि ५ अटै वडामा तपशिलका योजनाहरु सुचिकृत गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

वडा नं. १ अन्तर्गतका आयोजनाहरु

१.पैतिस देखि गोगने तिरु सडक मर्मत ।

२. खोस्या खोलादेखि कोदोखर्क सडक मर्मत ।

३. सिरुचेत देखि धार्ना कृषि सडक मर्मत ।

Scanned by CamScanner

वडा नं २ अन्तर्गतका आयोजनाहरु

१. चिलौने विसौनी देखि तलतले सम्म गोरेटोबाटो निर्माण ।

२. भदौरे सडक मर्मत ।

३. भाङ्गेखोला देखि खड्कु सडक मर्मत ।

४. बोक्सीखोला देखि पात्ले घोरेटो बाटो मर्मत ।

वडा नं ३ अन्तर्गतका आयोजनाहरु

१. बाघखोला छवेली पधेरो सडक मर्मत ।

२. बास्कोटी खेत सिचाइ निर्माण ।

३. मनिगाउँ भलायडाडा विद्यालय सडक मर्मत ।

वडा नं. ४ अन्तर्गका आयोजनाहरु

१. बनुवा कर्मिडाडा सडक मर्मत ।

२. चौरखर्क मजुवा खडक मर्मत ।

३. मनिगाउँ भलायडाँडा विद्यालय सडक मर्मत ।

वडा नं. ५ अन्तर्गतका आयोजनाहरु

१. बनुवा–पालेकोबन–बोगटिटार गोरेटोबाटो मर्मत ।

२. जमरि छापा–सिचाई मर्मत ।

३. ओखलढुङ्गा–बेत्रावती गारेटोबाटो मर्मत ।

४. बेतेगैाडा सिचाइ मर्मत ।

५. बनुवादेखि गाउँपालिका जोड्ने गोरेटो बाटो मर्मत ।

**निर्णय नं ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा राजस्व परामर्श समितिको मिति ०७७०२।२५ गतको बसेको बैठकको निर्णयानुसार पेश हुन आएको आ.ब. ०७७।०७८ को आर्थिक विद्येयक (यस गाउँपालिकाबाट संलग्न गरीने राजस्व करका दररेट साथै दस्तुर सम्बन्धी विद्येयक) लाई गाउँ सभामा मा पेश गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं ८** प्रस्ताव नं.८ माथि छलफल गर्दा यस कार्यालयको विभिन्न शाखा र वडा कार्यालयमा कार्यरत सेवा करारको कर्मचारीहरुको कार्यसम्पादनको आधारमा आ.ब. ०७७।०७८ मा पनि निरन्तरता दिन आवश्यक देखीएकोले यस प्रस्तावलाई गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा माथि छलफल गर्दा यस उत्तरगया गाउँपालिका वडा नं. ५ मा सञ्चालित संस्थागत विद्यालय मोर्डन ट्रिनिटी इङलिस बोर्डिङ स्कुलले शैक्षिक सत्र २०७७ देखि कक्षा १० सञ्चालन गर्न विद्यालयले आवश्यक प्रकृया पूरा गरी निवेदन पेश गरेकाले उक्त कागजात अध्ययन गरि गाउँ शिक्षा समतिको सिफारि साथ अनुमतिका लागि गाउँ कार्यपालिकामा पेश गरेकाले उक्त विद्यालयलाई कक्षा १० सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं १०** प्रस्ताव नं. १० माथि छलफल गर्दा पि.बि.निर्माण सेवाले घ वर्गको निर्माण व्यवसायि इजाजतपत्र पाउँ भनि यस कार्यालयमा निवेदन तथा कागजपत्र पेश गरेकोमा घ वर्गको निर्माण व्यवसायि इजाजतपत्र सम्बन्धी छानविन समितिले छानविन तथा जाँचबुझ गरि पेश गरेको सिफारिस अनुसार पि.वि निर्माण सेवालाई घ वर्गको निर्माण व्यवसायि इजाजतपत्र दिने निर्णय गरियो ।

**निर्णय नं ११** प्रस्ताव नं.११ माथि छलफल गर्दा पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत प्राप्त बजेट तथा कार्यक्रम सञ्चालन गर्न टेण्डर आब्हान गरिएकोमा देश बन्दाबन्दी भई टेन्डरको माध्यमबाट कार्य सम्पन्न गर्न प्राय असम्भव भई टेण्डर रद्द गरिएकोम उक्त योजनाहरु उपभोक्ता समितिबाट गर्न गराउन निर्देशन गर्ने साथै देश बन्दाबन्दीको कारण अन्य योजनाहरु सम्झौता हुन नसकेको अवस्थाको कारण बाँकी अन्य योजनहरुको सम्झौता गरी भएका कार्यहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १२** प्रस्ताव नं.१२ माथि छलफल गर्दा यस उत्तरगया गाउँपालिकाको ८ औं गाउँसभा मिति २०७७।०३।१० गते बिहान १० बजे यस उत्तरगया गाउँपालिकाको सभाहलमा बस्ने निर्णय गरियो ।

**निर्णय नं १३.** प्रस्ताव नं.१३ माथि छलफल गर्दा यस कार्यालयको विपत व्यवस्थापन कोषबाट रु. ३ लाखको तारजाली खरिद गर्ने र प्रतिघनमिटर १२ सयका दरले तारजाली भर्ने रकम उपलब्ध गराउने साथै कोभिड-१९ मा राहत वितरण गर्दा वडा नं.२ मा अपुग रकम रु. ९३ हजार विपद व्यवस्थापन कोषबाट दिने र उत्तरगया गाउँपालिका वडा नं.२ पात्ले बस्ने सुमन तामाङ पहिरोले घर क्षति भएकोले उहाँलाई विपद व्यवस्थापनकोष बाट रु. ३० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४** प्रस्ताव नं. १४ माथि छलफल गर्दा कोभिड–१९ जोखिम तथा संक्रमण नियन्त्रणको लीग यसै गाउँपालिका भित्रका आवश्यक नागरिकको स्वाव परिक्षणका लागि २ सय पिस भि.टि.एम खरिद गर्न कोभिड–कोषबाट रु. १ लाख ५० हजार विनियोजन गर्ने र स्वास्थ्य शाखाका लागि अविलम्ब खरिद गर्न निर्देशन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं. १५** प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस उत्तरगया गाउँपालिका वडा नं. २ को वडा कार्यालयमा कार्यरत करार कर्मचारी श्री कृष्ण प्रशाद भट्ट उमेर हदबन्दीका कारण अवकास हुनभएकोले उहाँलाई स-सम्मान स्वरुप नगद रु. ३० हजार सहित सम्मान तथा विदाई गर्ने निर्णय गरियो ।

Scanned by CamScanner